# स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन

# आ.व. २०८३।०८४

## कार्यान्वयन निकायः प्रदेश जनस्वास्थ्य प्रयोगशाला

मा.मन्त्रीज्यूबाट स्वीकृत मितिः २०८३।०४।२५


कोशी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

विराटनगर, मोरङ

## क्रियाकलाप सञ्चालनका क्रममा ध्यान दिनुपर्ने मुख्य बुँदाहरुः

### अनिवार्य दायित्वतर्फः

१) स्थायी कर्मचारीको हकमा १०% वृद्धि भएको तलब पारिश्रमिक खर्च शीर्षक २११११ मा विनियोजित रकमबाट भुक्तानी गर्नुहुन र नयाँ आधार तलबको १०% प्रोत्साहन खर्चवापतको रकम स्वीकृत दरबन्दीभित्र कार्यरत स्थायी कर्मचारीहरुलाई मात्र खर्च शीर्षक २११३५, "स्थायी कर्मचारीको प्रोत्साहन भत्ता(१.२.५.५)" क्रियाकलापमा विनियोजित रकमबाट भुक्तानी गर्नुहुन।

२) प्रदेश निजामती कर्मचारीको पोशाक सम्बन्धी कार्यविधि, २०८३ बमोजिम कोशी प्रदेश सरकारबाट स्थानीय पोशाक प्रवर्द्धनका गर्नका लागि बुधबार र शुक्रबार स्थानियता झल्किने पोशाक लगाउने प्रयोजनार्थ प्रदान गर्न व्यवस्था गरिएको रु.५५००/- समेत साविकको पोशाक खर्च रकममा जोडी हिमाली जिल्लामा जम्मा रु. २०५००/- र अन्य जिल्लामा जम्मा रु.१५५००/- रकम चैत्र महिनामा प्रदेश दरबन्दी भित्रका स्थायी र दरबन्दी करार सेवाका कर्मचारीहरुलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनुहुन र अन्य करारमा कार्यरत कर्मचारीहरुका लागि करार सम्झौतामा लेखिएबमोजिम भुक्तानी गर्नुहुन।

३) "मन्त्रालय र अन्तर्गतका कर्मचारीका लागि केन्द्रीकृत विद्युतीय हाजिरीका आधारमा प्रदान गरिने खाजा खर्च" क्रियाकलापमा प्रदेश दरबन्दी भित्रका स्थायी र दरबन्दी भित्रका करार कर्मचारीका लागि मात्र विनियोजन गरिएको हुँदा सोही अनुसार भुक्तानी व्यवस्थापन गर्नुहुन।

४) कार्यालयमा विनियोजित खाजा खर्चको रकम भुक्तानी गर्दा ई-हाजिरीको आधारमा मात्र गर्न सकिनेछ। विहान बेलुकी दुवै समयको हाजिरी भएको दिनको मात्र खाजा खर्च भुक्तानी गर्नुहुन।

५) प्लास्टिकबाट हुने वातावरण र पर्यावरणीय असर न्यूनीकरण गर्न, पानीजन्य सरुवा रोगको जोखिम कम गर्ने कार्यमा टेवा पुर्याउन एवं बजारी मिनरल वाटर तथा जारको पानीमाथिको निर्भरता कम गर्नका लागि सम्पूर्ण कार्यालयहरुले RO water purifier अनिवार्य जडान गरी कार्यालयमा स्टिलको बोतलबाट पिउने गरी शुद्ध पिउने पानीको व्यवस्थापन गर्नुहुन।

६) व्यक्तिगत प्रयोजनका लागि वा सार्वजनिक विदाको दिनमा वा कार्यालयको कामबाहेकको प्रयोजनमा सरकारी सवारी साधन र इन्धन प्रयोग नगर्नुहुन।

७) कार्यक्रमतर्फ विनियोजित रकमबाट इन्धनवापतको रकम भुक्तानी नगर्नुहुन।

८) स्थायी र दरबन्दीभित्रका करार कर्मचारीको तलब, अनिवार्य दायित्व र प्रदेशमा प्रचलित नियम कानूनको परिधि भित्रका भत्ता/खर्च, पानी, बिजुली र सञ्चार महशुलका हकमा अपुग भएको प्रमाणित भएको खण्डमा मात्र बजेट व्यवस्थापन हुने भएको हुँदा उल्लिखित क्रियाकलापमा मात्र रकमान्तर प्रस्ताव गर्नुहुन। असोज महिना अगाडि रकमान्तरको व्यवस्था नभएकाले पहिलो त्रैमासिकमा रकमान्तर प्रस्ताव नगर्नुहुन।

९) अन्य कार्यालय सञ्चालन सम्बन्धी चालु खर्च शीर्षकहरुमा विनियोजित बजेटभित्रबाटै व्यवस्थापन हुने गरी क्रियाकलाप कार्यान्वयन योजना बनाउनुहुन।

१०) स्रोत सुनिश्चित नभईकन दरबन्दीबाहेकको करारमा कर्मचारी नियुक्ति गरी कामकाजमा खटाउँदा भविष्यमा कर्मचारी पारिश्रमिकका लागि बजेट व्यवस्थापनको सुनिश्चितता नहुने हुँदा त्यस्तो अनियमित गतिविधि नगर्नुहुन।

११) कार्यालयको काममा भ्रमणमा जाँदा अनिवार्य रुपमा भ्रमणको उद्देश्य स्पष्ट उल्लेख भएको भ्रमण लगबुकमा अद्यावधिक गर्नुहुन।

१२) गाडी तथा दुईपाङ्ग्रे सवारी साधनको बीमा तथा नवीकरण (Full) समयमा भुक्तानी गर्नुपर्नेछ र समयमा नतिरी दस्तुर जरिवाना तिर्नुपर्ने भएमा कार्यालय प्रमुख स्वयं जिम्मेवार हुनुपर्नेछ।

१३) दैनिक भ्रमण भत्ता भर्दा यातायात व्यवस्था विभागमा सार्वजनिक गरिएको भाडादर अनुसारको यातायात खर्च भर्ने व्यवस्था मिलाउनुपर्नेछ वा सुनिश्चित गर्नुपर्नेछ।

१४) नियमानुसार सुविधामा प्राप्त हुने हकमा बाहेक अन्य कर्मचारीले व्यक्तिगत प्रयोजनका लागि कार्यालयको विद्युत उपभोग गर्दा अनिवार्य सवमिटर जडान गरी सोहीअनुसार व्यक्तिगत भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

१५) "स्वास्थ्य सामग्री प्रसारण" कार्यक्रमका लागि बजेट विनियोजन भएका कार्यालयले आफ्नो जिल्लाको प्रमुख स्वास्थ्य समस्या र समसामयिक स्वास्थ्य समस्या सम्बोधन हुने गरी सिर्जनात्मक स्वास्थ्य सामग्रीहरु बढीभन्दा बढी नागरिकको पहुँचमा पुग्ने गरी प्रसारण गर्नुपर्नेछ र सोको भिडियो/अडियो कपी मन्त्रालयमा समेत पेस गर्नुपर्नेछ।

**कार्यक्रमतर्फः**

१. स्वीकृत कार्यक्रमहरुको एकरुपता एवं प्राविधिक सहजीकरणका लागि यस निर्देशिका तयार भएको हुनाले यसै निर्देशिकाले तोकेबमोजिम नै कार्यक्रम सञ्चालनको व्यवस्था गर्नुपर्नेछ। यस मार्गदर्शनमा उल्लिखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ।

२. कार्यक्रम सञ्चालनका लागि क्षेत्रगत फोकल व्यक्ति तोकी सोको जानकारी मन्त्रालय तथा निर्देशनालायलाई गराउनुपर्नेछ र सो फोकल व्यक्तिलाई सम्बद्ध क्षेत्रको कार्यक्रम गर्ने मात्र नभई आफ्नो जिम्मेवारीमा परेको क्षेत्रको तथ्याङ्क सङ्कलन गर्ने, स्थानीय तहका क्रियाकलापहरु सञ्चालनमा आवश्यक सहजीकरण गर्ने, त्यस क्षेत्रसँग सम्बन्धित क्षेत्रका नीति, निर्देशिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, लक्ष्यहरु स्थानीय तहसम्मै शेयर गर्ने, स्थानीय तहलाई यस क्षेत्रका gap पहिचान गर्न सहयोग गर्ने र रेकर्डिङ्ग रिपोर्टिङ्ग चुस्त राख्न निरन्तर नियमन तथा पृष्ठपोषण गर्ने सम्मका क्रियाकलाप गर्न कार्यालयप्रमुखले निर्देशन गर्नुपर्नेछ ।

३. यस मार्गदर्शन अनुरुप प्रत्येक कार्यालयले आफ्नो कार्यालयमा विनियोजित बजेटअनुसारको कार्यक्रम सञ्चालन कार्ययोजना बनाई अख्तियार प्राप्त व्यक्तिबाट स्वीकृत गर्नुपर्नेछ जसमा कम्तीमा पनि कार्यक्रमको बेहोरा, समयसीमा, सञ्चालन प्रक्रियामा बजेट विभाजन, जिम्मेवार शाखा वा व्यक्ति अनिवार्य तोक्नुपर्नेछ र वर्षभरीको कार्यक्रम क्यालेन्डर बनाई सो अनुरुप कार्य गर्नुपर्नेछ।

४. प्रत्येक कार्यक्रम सुरू गर्नुपूर्व कार्यक्रम सञ्चालन प्रक्रिया, अनुमानित खर्च, सहभागी तथा स्रोतव्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति उल्लिखित टिप्पणी आदेश स्वीकृत भएपश्चात् कार्यक्रम सञ्चालन गर्नु गराउनुपर्नेछ।

५. प्रत्येक कार्यक्रम सञ्चालन गर्दा गराउँदा कार्यक्रमको प्रकृति र बजेटको परिधिभित्र रही प्रचलित "**सार्वजानिक खरिद ऐन, २०६३**", "**सार्वजानिक खरिद नियमावली २०६४**", "भ्रमण ऐन, नियमावली, आर्थिक मामिला

तथा योजना मन्त्रालय प्रदेश नं.१ को प्रचलित "**सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका**"(कुनै ऐन,नियमावली, कार्यविधि, निर्देशिका नयाँ निर्माण भएको सोही अनुसार समेत) बमोजिम गर्नुपर्नेछ।

९. **प्रदेश स्वास्थ्य तालिम केन्द्र र तालिम प्रदान गर्ने निकायको हकमाः**

क. स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने सम्पूर्ण तालिमका लागि आ.व.को सुरुमा प्रदेश मातहतका प्रत्येक अस्पताल तथा कार्यालयमा कार्यरत कर्मचारीको अनिवार्य प्राथमिकताका आधारमा तालिम अनुसार सूची तयार पारी तालिमको तालिका बनाउनुपर्नेछ।

ख. तालिम सञ्चालनका लागि प्रदेश भित्र तालिम साइट नभए वा भएका साइटहरूले गुणस्तर मापदण्ड पूरा नगरेको भए प्रदेश बाहिर रहेको तालिम साइट खुलाई टिप्पणी स्वीकृत गराएर मात्र प्रदेश बाहिर तालिम सञ्चालन गर्नुपर्नेछ। यसरी प्रदेश बाहिर तालिम सञ्चालन गर्नु पर्ने भएमा स्वास्थ्य मन्त्रालयसँग राय लिई सञ्चालन गर्नुपर्नेछ।

१०. कार्यक्रमको प्रगतिको अवस्था (पटक, परिमाण, लाभग्राही सङ्ख्या, प्रमूख उपलब्धि, वित्तीय प्रगति लगायत गुणात्मक र परिमाणात्मक तथ्याङ्क समावेश गरी) तोकिएको ढाँचामा त्रैमासिक र वार्षिक रुपमा स्वास्थ्य मन्त्रालय र मन्त्रालयको नीति योजना तथा समन्वय शाखाको इमेल yojana.moh@p1.gov.np मा र स्वास्थ्य निर्देशनालयमा पेस गर्नुपर्नेछ।

११. यो मार्गदर्शन साथै कार्यालयबाट बनाइएको कार्ययोजना अनुरुप कार्यक्रम सञ्चालनको अनुगमन एवं सहजीकरणको व्यवस्था स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नुपर्नेछ।

# विषयसूची:


१. क्रियाकलाप (कोड)/खर्च शीर्षक: प्रयोगशाला उपकरण खरिद (११.३.९.१५८)/ ३११२२ ............ १

२. क्रियाकलाप(कोड)/खर्च शीर्षक: Thermal Cycler Machine खरिद (११.३.९.१५९)/ ३११२२ ........ ३

३. क्रियाकलाप(कोड)/खर्च शीर्षक: वंशाणुगत रोग सफ्टवेयर निर्माण कार्यक्रम (११.६.३.१०)/३११३४... ५

४. क्रियाकलाप(कोड)/खर्च शीर्षक: ल्याव केमिकल्स तथा रिएजेन्ट खरिद (७.२.९.७)/२७२१३......... ७

५. क्रियाकलाप(कोड)/खर्च शीर्षक: क्षयरोग तथा किटजन्य रोग परीक्षण सामग्री खरिद (७.२.११.११)/२७२१३........................................................................................ ९

६. क्रियाकलाप(कोड)/खर्च शीर्षक: टिबि माइक्रोस्कोपिक मोडुलर तालिम सञ्चालन (२.६.५.७)/२२५१२ १०

७. क्रियाकलाप(कोड)/खर्च शीर्षक: ब्याक्टेरियोलोजी सम्बन्धी प्रयोगशालाकर्मीलाई तालिम (२.६.४.१९)/२२५१२ ...................................................................................... १२

८. क्रियाकलाप(कोड)/खर्च शीर्षक: प्रयोगशाला गुणस्तर अभिवृद्धि तालिम (२.६.४.५३)/ २२५१२..... १३

९. क्रियाकलाप(कोड)/खर्च शीर्षक: प्रयोगशाला नमूना ढुवानी व्यवस्थापन (२.७.२२.१५३९)/२२५२२ १५

१०. क्रियाकलाप(कोड)/खर्च शीर्षक: प्रयोगशाला ISO प्रमाणीकरण व्यवस्थापन (२.७.२२.१५७४)/22५२२ ........................................................................................ १६

११. क्रियाकलाप(कोड)/खर्च शीर्षक: NPHL नमूना प्रेषण शुल्क (२.७.२२.१५७३), २२५२२ ......... १८

१२. क्रियाकलाप(कोड)/खर्च शीर्षक: External Quality Assurance Program (२.७.२२.१७७७)/२२५२२...................................................................................... १९

१३. क्रियाकलाप(कोड)/खर्च शीर्षक: सर्भाइकल क्यान्सर स्क्रिनिङ्ग (LBC Method) कार्यक्रम व्यबस्थापन (२.७.२२.१३०८)/२२५२२...................................................................................... २०

१४. क्रियाकलाप(कोड)/खर्च शीर्षक: AMR surveillance सुदृढीकरण तथा व्यवस्थापन कार्यक्रम (२.७.२२.१५३३)/२२५२२...................................................................................... २१

१५. क्रियाकलाप(कोड)/खर्च शीर्षक: खानेपानी गुणस्तर निगरानी (२.७.२२.२३२)/२२५२२.......... २२

| १. क्रियाकलाप (कोड)/खर्च शीर्षकः प्रयोगशाला उपकरण खरिद (११.३.९.१५८)/ ३११२२ | |
|---|---|
| **परिचय** | प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट विभिन्न स्वास्थ्य संस्था तथा कार्यक्रमहरूको प्रयोगशाला परीक्षण सेवाको गुणस्तर अभिवृद्धि गर्न आधुनिक प्रयोगशाला उपकरणहरूको आवश्यकता पर्दछ। मुत्र परीक्षण (Urine Analysis), रोगको प्रारम्भिक निदान, उपचारको अनुगमन तथा नियमित स्वास्थ्य परीक्षणको महत्वपूर्ण आधार हो। यस कार्यका लागि उच्च शुद्धता, छिटो परीक्षण क्षमता तथा गुणस्तरीय नतिजा प्रदान गर्न Fully Automated Urine Analyzer खरिद गरी प्रयोगमा ल्याउने उद्देश्यले यस मार्गदर्शन तयार गरिएको हो। |
| **उद्देश्य** | Fully Automated Urine Analyzer खरिद गरी प्रयोगमा ल्याउने जसले परीक्षण समय घटाई प्रयोगशालाको गुणस्तर र विश्वसनियता अभिवृद्धि गर्नेछ। |
| **अपेक्षित उपलब्धि** | • Fully Automated Urine Analyzer खरिद, जडान तथा सञ्चालनमा आउने।<br>• दैनिक परीक्षण क्षमता उल्लेखनीय रूपमा वृद्धि हुने।<br>• परीक्षण नतिजाको शुद्धता, पुनरुत्पादनयोग्यता तथा विश्वसनीयता सुधार हुने।<br>• Manual testing मा हुने त्रुटि न्यून हुने। |
| **सञ्चालन प्रक्रिया** | १. यस शीर्षकमा विनियोजित बजेटबाट प्रदेश प्रयोगशालाको लागि आवश्यक पर्ने Fully Automated urine Analyzer खरीद गर्नुपर्नेछ। यसको लागि कार्यालयको वार्षिक खरिद योजनामा समावेश गरी प्राविधिक स्पेसिफिकेशन तयार गरी लागत अनुमान स्वीकृत गराउनुपर्नेछ।<br>२. मेसिन खरिद गर्दा प्रदेश मातहतका बायोमेडिकल ईन्जिनियर वा सम्बन्धित विषय विशेषज्ञबाट USFDA वा ISO/CE प्रमाणित उपकरण सुनिश्चित हुने गरी प्राविधिक स्पेसिफिकेसन तयार गर्नुपर्नेछ।<br>३. खरिद सम्झौतामा कम्तीमा २ वर्षको Warranty Period उल्लेख गरी उक्त अवधिभरको मर्मत सम्भार र स्पेयर पार्ट एवं रिएजेन्टको उपलब्धता आपूर्तिकर्ताबाट नै सुनिश्चित गर्नुपर्नेछ।<br>४. स्पेसिफिकेसनमा कम्तीमा ३ वर्षको Maintenance Contract सम्बन्धी स्पष्ट कार्यसर्त अनिवार्य रूपमा समावेश गरिएको हुनुपर्नेछ।<br>५. स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय एवं स्वास्थ्य विषय हेर्ने मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई समेत आधार लिन सकिनेछ।<br>६. खरिद कार्य प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सम्पन्न गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ७. खरिद तथा आपूर्ति प्रक्रिया सम्पन्न पश्चात् सम्बन्धित मेसिन तोकिएको स्पेसिफिकेसन अनुसार भए/नभएको यकिन गर्न बायोमेडिकल इञ्जिनियर वा सम्बन्धित विषय विशेषज्ञबाट अनिवार्य रूपमा परीक्षण गराई Post Delivery Inspection Report तयार गर्नुपर्नेछ।<br>८. उपकरणसँग सञ्चालनका लागि आवश्यक सम्पुर्ण Accessories सहित आपूर्ति गर्नुपर्नेछ।<br>९. उपकरणको जडान (Installation), सञ्चालन परीक्षण, क्यालिब्रेशन तथा प्रयोगकर्ता तालिम (User Training) आपूर्तिकर्ताले अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ।<br>१०. आपूर्ति भएको सामान स्पेसिफिकेसन बमोजिम भए नभएको बायोमेडिकल इन्जिनियर एवं सम्बन्धित विज्ञबाट जाँच गराई प्रतिवेदन सहित दाखिला गर्नुपर्नेछ। |
| **प्रतिवेदन** | १. खरिद प्रक्रिया सम्पन्न पश्चात् अनलाइन सूचना प्रणाली (PAMS V2 वा प्रचलित सूचना प्रणाली) मा प्रविष्ट गर्नुपर्नेछ।<br>२. Fully Automated Urine Analyzer मेसिन खरिद, जडान तथा हस्तान्तरण पश्चात् सोको विवरण स्वास्थ्य विषय हेर्ने मन्त्रालयलाई पेस गर्नुपर्नेछ र अनिवार्य कार्यालयको वेबसाईटमा अपलोड गर्नुपर्नेछ। |



स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| **२. क्रियाकलाप(कोड)/खर्च शीर्षकः Thermal Cycler Machine खरिद (११.३.९.१५९)/ ३११२२** | |
| **परिचय** | प्रदेश जनस्वास्थ्य प्रयोगशालामा संक्रामक रोगहरूको शीघ्र, संवेदनशील तथा गुणस्तरीय Molecular परीक्षण सेवा विस्तार तथा सुदृढीकरणका लागि **Thermal Cycler (PCR Machine)** अत्यावश्यक प्रयोगशाला उपकरण हो। यस उपकरणको प्रयोगबाट संक्रामक रोगहरूको निदान, निगरानी तथा अनुसन्धान कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ। |
| **उद्देश्य** | १. प्रदेश जनस्वास्थ्य प्रयोगशालामा Molecular Diagnostic सेवा सुदृढ गर्नु।<br>२. PCR आधारित परीक्षण सेवाको गुणस्तर तथा पहुँच विस्तार गर्नु।<br>३. संक्रामक रोगहरूको शीघ्र पहिचान र निगरानी प्रणालीलाई प्रभावकारी बनाउनु। |
| **सञ्चालन प्रक्रिया** | १. यस शीर्षकमा विनियोजित बजेटबाट प्रदेश प्रयोगशालाको लागि आवश्यक पर्ने Thermal Cycler Machine खरीद गर्नुपर्नेछ। यसको लागि कार्यालयको वार्षिक खरिद योजनामा समावेश गरी प्राविधिक स्पेसिफिकेशन तयार गरेर लागत अनुमान स्वीकृत गराउनुपर्नेछ।<br>२. मेसिन खरिद गर्दा प्रदेश मातहतका बायोमेडिकल ईन्जिनियर वा सम्बन्धित विषय विशेषज्ञबाट USFDA वा ISO/CE प्रमाणित उपकरण सुनिश्चित हुने गरी प्राविधिक स्पेसिफिकेसन तयार गर्नुपर्नेछ।<br>३. खरिद सम्झौतामा कम्तीमा २ वर्षको Warranty Period उल्लेख गरी उक्त अवधिभरको मर्मत सम्भार र स्पेयर पार्ट एवं रिएजेन्टको उपलब्धता आपूर्तिकर्ताबाट नै सुनिश्चित गर्नुपर्नेछ। उपकरणसँग सञ्चालनका लागि आवश्यक सम्पुर्ण Accessories सहित आपूर्ति गर्नुपर्नेछ।<br>४. स्पेसिफिकेसनमा कम्तीमा ३ वर्षको Maintenance Contract सम्बन्धी स्पष्ट कार्यसर्त अनिवार्य रूपमा समावेश गरिएको हुनुपर्नेछ।<br>५. स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय एवं स्वास्थ्य विषय हेर्ने मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई समेत आधार लिन सकिनेछ।<br>६. खरिद कार्य प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सम्पन्न गर्नुपर्नेछ।<br>७. खरिद तथा आपूर्ति प्रक्रिया सम्पन्न पश्चात् सम्बन्धित मेसिन तोकिएको स्पेसिफिकेसन अनुसार भए/नभएको यकिन गर्न बायोमेडिकल इञ्जिनियर वा सम्बन्धित विषय विशेषज्ञबाट अनिवार्य रूपमा परीक्षण गराई Post Delivery Inspection Report तयार गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ८. उपकरणको जडान (Installation), सञ्चालन परीक्षण, क्यालिब्रेशन तथा प्रयोगकर्ता तालिम (User Training) आपूर्तिकर्ताले अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ।<br>९. आपूर्ति भएको सामान स्पेसिफिकेसन बमोजिम भए नभएको बायोमेडिकल इन्जिनियर एवं सम्बन्धित विज्ञबाट जाँच गराई प्रतिवेदन सहित दाखिला गर्नुपर्नेछ। |
| **अभिलेखन/ प्रतिवेदन** | १. खरिद प्रक्रिया सम्पन्न पश्चात् अनलाइन सूचना प्रणाली (PAMS V2 वा प्रचलित सूचना प्रणाली) मा प्रविष्ट गर्नुपर्नेछ।<br>२. Thermal Cycler Machine मेसिन खरिद एवं जडान पश्चात् सोको विवरण स्वास्थ्य विषय हेर्ने मन्त्रालयलाई पेस गर्नुपर्नेछ र अनिवार्य कार्यालयको वेबसाईटमा अपलोड गर्नुपर्नेछ। |

| ३.क्रियाकलाप(कोड)/खर्च शीर्षक: वंशाणुगत रोग सफ्टवेयर निर्माण कार्यक्रम (११.६.३.१०)/३११३४ | |
|---|---|
| **परिचय** | प्रदेश जनस्वास्थ्य प्रयोगशालामा सञ्चालनमा रहेको **Chemiluminescence Immunoassay (CLIA) Analyzer** मार्फत विभिन्न हार्मोन, ट्युमर मार्कर, संक्रमणजन्य रोग तथा अन्य विशेष प्रयोगशाला परीक्षणहरू नियमित रूपमा सञ्चालन गर्न सकिने सम्भावनालाई मध्यनजर गर्दै genetic तथा chromosomal disorder समेतको स्क्रिनिङ्ग सेवा विस्तार गर्न Software जडानका लागि यस कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | वंशाणुगत तथा क्रोमोजोमल रोगहरुको समयमै पहिचान गरी व्यवस्थापनमा सहयोग हुने। |
| **अपेक्षित प्रतिफल** | प्रयोगशालामा Double Marker Test(PAPP_A र Free β-hCG),Triple Marker Test (AFP, β-hCG र Unconjugated Estriol) एवं Quadruple Marker Test (AFP, β-hCG, Unconjugated Estriol र Inhibin-A) सेवा सुरु हुनेछ। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. प्रयोगशालामा सञ्चालनमा रहेको CLIA Analyzer को Model, Manufacturer तथा परीक्षणको वार्षिक आवश्यकता विश्लेषण गरी खरिद योजना तयार गर्नुपर्नेछ।<br>२. आवश्यक Software License, Parameter Package, Reagent, Calibrator तथा Control को Specification सम्बन्धित विशेषज्ञबाट स्वीकृत गराउनुपर्नेछ।<br>३. सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार लागत अनुमानको आधारमा उपयुक्त खरिद विधि अवलम्बन गरी CLIA Analyzer software/Liscence, parameter package, Reagent,Calibrator तथा control खरिद गर्ने र खरिद भएको सामग्री CLIA Analyzer सँग पूर्ण रूपमा Compatible भएको सुनिश्चित गर्नुपर्नेछ।<br>४. निर्माता वा आधिकारिक बिक्रेतामार्फत Software Installation, Parameter Activation, Configuration, Calibration, Validation सम्पन्न गरी परीक्षण सञ्चालन गर्नुपर्नेछ र परीक्षण सफल भएपश्चात् मात्र भुक्तानी प्रक्रिया अघि बढाउनुपर्नेछ।<br>५. Reagent, Calibrator तथा Control को Expiry Date, Lot Number, Storage Condition तथा Quantity परीक्षण गरी बुझ्नुपर्नेछ।<br>६. वंशाणुगत रोग (Genetic Disorders) तथा गर्भावस्थामा भ्रुणमा हुने जन्मजात विकृतिको जोखिम मूल्याङ्कन (Prenatal Screening) का लागि निम्न परीक्षण सञ्चालन गर्नुपर्नेछ:<br>○ Double Marker Test(PAPP_A र Free β-hCG)<br>○ Triple Marker Test (AFP, β-hCG र Unconjugated Estriol) |



स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| | ○ Quadruple Marker Test (AFP, β-hCG, Unconjugated Estriol र Inhibin-A)<br>७. परीक्षणको गुणस्तर सुनिश्चित गर्न आन्तरिक गुणस्तर नियन्त्रण(IQC) तथा आवश्यक बाह्य गुणस्तर मूल्याङ्कन (EQA) सञ्चालन गर्नुपर्नेछ।<br>८. परीक्षण सम्पन्न गरी सेवाग्राहीलाई समयमै प्रतिवेदन उपलब्ध गराएको सुनिश्चित गर्नुपर्नेछ। |
| **अभिलेखकरण/ प्रतिवेदन** | १. खरिद प्रक्रिया सम्पन्न पश्चात् अनलाइन सूचना प्रणाली (PAMS V2 वा प्रचलित सूचना प्रणाली) मा प्रविष्ट गर्नुपर्नेछ।<br>२. सफ्टवेयर खरिद एवं जडान पश्चात् सोको विवरण स्वास्थ्य विषय हेर्ने मन्त्रालयलाई पेस गर्नुपर्नेछ र अनिवार्य कार्यालयको वेबसाईटमा अपलोड गर्नुपर्नेछ। |



स्वीकृत मितिः २०८३।०४।२५

| ४. क्रियाकलाप(कोड)/खर्च शीर्षकः ल्याव केमिकल्स तथा रिएजेन्ट खरिद (७.२.९.७)/२७२१३ | |
|---|---|
| **परिचय** | प्रयोगशाला सेवाको प्रभावकारिता, विश्वसनीयता तथा निरन्तरताका लागि गुणस्तरीय ल्याव केमिकल्स, रिएजेन्ट, क्यालिब्रेटर, कन्ट्रोल तथा अन्य उपभोग्य सामग्रीको नियमित उपलब्धता अत्यावश्यक हुन्छ। यी सामग्रीको अभाव वा न्यून गुणस्तरका कारण प्रयोगशाला परीक्षण सेवा प्रभावित हुन गई रोग निदान, उपचार तथा सार्वजनिक स्वास्थ्य निगरानीमा प्रतिकूल असर पर्न सक्छ। त्यसैले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम आवश्यक ल्याव केमिकल्स तथा रिएजेन्ट खरिद गरी समयमै उपलब्ध गराई प्रयोगशाला परीक्षण सेवालाई गुणस्तरीय, विश्वसनीय तथा निरन्तर सञ्चालन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| **उद्देश्य** | प्रयोगशालामा परीक्षणको लागि प्रयोग गरिने विभिन्न रिएजेन्ट, कन्जुमेवल्स, एसेसरिज लगायतका प्रयोगशाला परीक्षण सामग्री खरिद गरी सर्वसुलभ निदानात्मक सेवा प्रवाह गर्ने। |
| **अपेक्षित प्रतिफल** | आवश्यक ल्याव केमिकल्स तथा रिएजेन्टको नियमित उपलब्धताबाट प्रयोगशाला परीक्षण सेवा अविच्छिन्न, गुणस्तरीय र विश्वसनीय रूपमा सञ्चालन हुनेछ। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. प्रयोगशाला विज्ञ समेतको टिमबाट खरिद गर्नुपर्ने केमिकल्स तथा रिएजेन्टको स्पेसिफिकेसन तथा प्रतिस्पर्धी हुने गरी लगत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा दोश्रो संसोधन ऐन, २०८३ र सार्वजनिक खरिद नियामावली, २०६४ बमोजिम खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>२. प्रयोगशाला अन्तर्गतका उपकरणहरुमा प्रयोग हुने केमिकल्स तथा रिएजेन्टहरुको हकमा लगत अनुमान कायम गर्दा प्रचलित बजार भाउ अनुसार सोही प्रकारका उपकरणहरुमा प्रयोग हुने केमिकल्स तथा रिएजेन्टहरुको मूल्यलाई आधार मानी लगत अनुमान कायम गर्नुपर्नेछ।<br>३. केमिकल्स तथा रिएजेन्टहरु खरिद गर्दा प्रतिष्पर्धालाइ सीमित हुन नदिन Close System का उपकरणमा प्रयोग हुने chemical consumables तथा general केमिकल कन्ज्मेबल्स खरिद गर्दा छुट्टाछुट्टै बिडिङ्ग गर्न सकिनेछ।<br>४. खरिद गर्दा प्रयोगशालाको चाप तथा रिएजेन्टहरुको खपत अनुसार तोकिएको दर रेटमा केमिकल्सहरुको expiry तथा प्रयोग अनुसार खरिद गरी भुक्तानी दिन सकिनेछ। खरिद कार्य गर्दा रिएजेन्ट तथा केमिकलको Expiry तथा मौज्दातलाइ ध्यानमा राखी खरिद आदेश गर्नुपर्नेछ।<br>५. खरिद प्रक्रिया सम्पन्न पश्चात् सो केमिकल्स तथा रिएजेन्ट स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सम्बन्धित विषय विज्ञ वा प्रयोशालाबाट जाँच गराउनुपर्नेछ। |

| | |
|---|---|
| | ६. स्पेसिफिकेसन तयार गर्दा केमिकल्स तथा रिएजेन्टको अनिवार्य रुपमा कम्तीमा सेल्फ लाइफ दुई तिहाई भएको हुनुपर्नेछ। <br> ७. विनियोजित बजेटको परिधिभित्र रही आवश्यक कन्जुमेवल्स तथा परीक्षण सामग्री खरिद गरी सेवा प्रवाह गर्न सकिनेछ। <br> ८. सो जाँच ठिक भएमा केमिकल्स तथा रिएजेन्टको प्रयोग गरी सेवा प्रवाह सेवा निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ। |
| **अभिलेखीकरण /प्रतिवेदन** | १. खरिद प्रक्रिया सम्पन्न पश्चात् अनलाइन सूचना प्रणाली (PAMS V2 वा प्रचलित सूचना प्रणाली) मा प्रविष्ट गर्नुपर्नेछ। <br> २. ल्याव केमिकल्स तथा रिएजेन्ट खरिद पश्चात् सोको विवरण स्वास्थ्य विषय हेर्ने मन्त्रालयलाई पेस गर्नुपर्नेछ र अनिवार्य कार्यालयको वेबसाईटमा अपलोड गर्नुपर्नेछ। |

| ५. क्रियाकलाप(कोड)/खर्च शीर्षकः क्षयरोग तथा किटजन्य रोग परीक्षण सामग्री खरिद (७.२.११.११)/२७२१३ | |
|---|---|
| **परिचय** | प्रदेश भित्र रहेका क्षयरोग तथा किटजन्य रोग परीक्षण गर्ने सरकारी स्वास्थ्य संस्था तथा प्रतिष्ठानहरुमा निःशुल्क परीक्षणको लागि केमिकल्स तथा कन्जुमेबल्स उपलब्ध गराउन यो शीर्षकमा बजेट विनियोजन गरिएको हो। |
| **उद्देश्य** | केमिकल तथा अन्य सामग्री खरिद गरी क्षयरोग तथा किटजन्य रोग प्रयोगशालाहरुबाट निरन्तर परीक्षण गरी किटजन्य रोग पहिचान र क्षयरोग निवारण तथा उन्मुलनमा सहजीकरण गर्ने। |
| **अपेक्षित प्रतिफल** | क्षयरोग परीक्षण हुने स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा गुणस्तरिय केमिकल्स तथा रिएजेन्टको उपलब्धता सुनिश्चित हुनेछ। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. प्रयोगशाला विज्ञ समेतको टिम बाट खरिद गर्नुपर्ने केमिकल्स तथा रिएजेन्टको स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी प्रचलित सार्वजानिक खरिद ऐन २०८३ तथा सार्वजानिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च व्यवस्थापन गर्नुपर्नेछ।<br>२. प्रयोगशालाका लागि केमिकल तथा अन्य सामग्रीहरुको लगत अनुमान कायम गर्दा प्रचलित बजार भाउ अनुसार केमिकल्स तथा रिएजेन्टहरुको मूल्यलाई आधार मानी साथै प्रतिस्पर्धी हुने गरी लगत अनुमान कायम गर्नुपर्नेछ।<br>३. खरिद प्रक्रिया सम्पन्न पश्चात् सो केमिकल्स तथा अन्य रिएजेन्ट स्पेसिफिकेसन तथा लगत अनुमान बमोजिम रहेको वा नरहेको सम्बन्धित विषय विज्ञ वा प्रयोगशालाबाट जाँच गराउनुपर्नेछ।<br>४. केमिकल्स तथा अन्य सामग्रीहरु सम्बन्धित स्वास्थ्य संस्थामा पठाई जाँच तथा सेवा निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ।<br>५. रिएजेन्ट तथा कन्जुमेवल्स वितरणगर्दा क्षयरोगको भारलाइ ध्यानमा राखि खपतका आधारमा मात्र वितरण गर्नुपर्नेछ। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात् सो को प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

| ६. क्रियाकलाप(कोड)/खर्च शीर्षकः टिबि माइक्रोस्कोपिक मोडुलर तालिम सञ्चालन (२.६.५.७)/२२५१२ | |
|---|---|
| **परिचय** | क्षयरोग (Tuberculosis) को समयमै पहिचान, निदान तथा उपचारका लागि गुणस्तरीय प्रयोगशाला सेवा अत्यन्त आवश्यक छ। TB Microscopy सेवा प्रदान गर्ने प्रयोगशालाकर्मीहरूको ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्न राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम (NTP) को मापदण्डअनुसार **TB Microscopy Modular Training** सञ्चालन गरिनेछ। यस तालिमबाट प्रयोगशालाकर्मीहरूलाई Acid Fast Bacilli (AFB) Microscopy, नमूना व्यवस्थापन, गुणस्तर सुनिश्चितता (Quality Assurance), जैविक सुरक्षा (Biosafety) तथा अभिलेखीकरण सम्बन्धी ज्ञान र सीप प्रदान गरिनेछ। |
| **उद्देश्य** | १. प्रयोगशालाकर्मीहरूको TB Microscopy सम्बन्धी ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्नु।<br>२. राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमको मापदण्डअनुसार गुणस्तरीय AFB परीक्षण सेवा सञ्चालन सुनिश्चित गर्नु। |
| **अपेक्षित प्रतिफल** | • प्रयोगशालामा कार्यरत प्रयोगशालाकर्मीहरुलाई क्षयरोग माइक्रोस्कोपिक मोड्युलर तालिम ६ दिनको सञ्चालन पश्चात् प्रयोगशालाकर्मीहरुको क्षमता अभिवृद्धि हुने तथा शंकास्पद क्षयरोगीहरुको पहिचान गर्न सक्नेछन्।<br>• क्षयरोगीको समयमा नै पहिचान गरी सेवाग्राहीहरुले सुलभ तथा झन्झटरहित सेवा प्राप्त गर्न सक्नेछन्।<br>• उक्त तालिम पश्चात् LQAS विधिद्वारा स्लाइड सङ्कलन गरी Quality Control Program मा सहभागी हुन सक्षम हुनेछन्। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. तालिम सञ्चालन गर्नुपुर्व यस अघि तालिम लिएका र तालिम आवश्यक रहेका संस्थाहरुको सुची तयार पारी आवश्यकतानुसार प्राथमिकीकरण गरी सहभागी छनौट गर्नुपर्नेछ।<br>२. तालिम सञ्चालन गर्दा प्रयोगशालाबाट निर्माण गरिएको यस कार्यक्रमसँग सम्बन्धित SOP अनुसार कम्तीमा ४ ब्याच तालिम सञ्चालन गर्नुपर्नेछ।<br>३. तालिममा TB Microscopy सँग सम्बन्धित पर्याप्त सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सीप हस्तान्तरण हुनेगरी वातावरण निर्माण गर्नुपर्नेछ।<br>४. तालिमपश्चात् सहभागीले क्षयरोगको नमूना संकलन, परीक्षण, केमिकलको तयारी तथा रेकडिङ रिपोर्टिङ कार्यमा दक्षता हासिल गरेको हुनुपर्नेछ। |

| | |
|---|---|
| | ५. सहभागी छनौट गर्दा क्वालिटि कन्ट्रोलको नतिजाका आधारमा तथा स्वास्थ्य कार्यालयहरुको समन्वयमा गर्नुपर्नेछ।<br>६. तालिम पश्चात् तालिम लिएका कर्मचारीहरुले आफ्नो संस्थामा गई सेवा दिएको सुनिश्चितता गर्नुपर्नेछ साथै तालिम सञ्चालन भएपश्चात् तालिम लिएको विवरण प्रदेश जनस्वास्थ्य प्रयोगशालाको वेबसाइटमा अपलोड गर्नुपर्नेछ र प्रतिवेदन स्वास्थ्य विषय हेर्ने मन्त्रालयमा पठाउनुपर्नेछ। |
| **अभिलेखीकरण /प्रतिवेदन** | तालिमको स्वीकृत टिप्पणी, सहभागीताको विवरण,तालिमप्रदायक एवं तालिमको विधि समेतको विस्तृत अभिलेख राखुपर्नेछ भने कार्यक्रम सम्पन्न भए पश्चात् सो को प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

| ७. क्रियाकलाप(कोड)/खर्च शीर्षकः ब्याक्टेरियोलोजी सम्बन्धी प्रयोगशालाकर्मीलाई तालिम (२.६.४.१९)/२२५१२ | |
|---|---|
| **परिचय** | प्रदेश अन्तर्गतका अस्पतालहरुमा ब्याक्टेरियोलोजी ल्याब स्थापना पश्चात् परीक्षण गरी गुणस्तरिय सेवा प्रवाह गर्न साथै एन्टिबायोटिक समुचित प्रयोगमा टेवा पुर्याउने अभिप्रायले यस कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | ब्याक्टोरोलोजिकल ल्यावमा कार्यरत प्रयोगशालाकर्मीको ज्ञान, सीप र क्षमता अभिवृद्दि गर्ने। |
| **अपेक्षित प्रतिफल** | ब्याक्टेरियोलोजि ल्याबमा कार्यकरत कर्मचारीहरु सम्बन्धित क्षेत्रको ज्ञान र सीपमा पोख्त हुनेछन। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. ब्याक्टेरोलोजिकल प्रयोगशालामा कार्यरत प्रयोगशालाकर्मीहरुको क्षमता अभिवृद्धिको लागि ७ दिने तालिम सञ्चालन गर्नुपर्नेछ।<br>२. यस तालिममा माइक्रोबायोलोजी विभागमा कार्यरत उच्चतम योग्यता भएका कर्मचारीलाइ प्राथमिकता दिनुपर्नेछ। सहभागी छनौट गर्दा ब्याक्टेरियोलोजी ल्याब सञ्चालनमा रहेका संस्थामा कार्यरत तर यसअघि यो तालिम नलिएका प्रयोगशालाकर्मीहरुलाई प्राथमिकताका आधारमा छनौट गर्नुपर्नेछ।<br>३. ब्याक्टेरोलोजिकल तालिम सञ्चालन गर्दा आवश्यक मोड्युलहरुको प्रयोग गरी सञ्चालन गर्नुपर्नेछ।<br>४. तालिम पश्चात् तालिम लिएकाको विवरण सम्बन्धित कार्यालयको वेवसाइटमा अपलोड गर्नुपर्नेछ।<br>५. तालिम पश्चात् तालिम लिएका कर्मचारीहरुले आफ्नो संस्थामा गई सेवा दिएको र मातहतका कर्मचारीहरुलाई समेत अनसाइट कोचिङ्ग गरेको सुनिश्चितता गर्नुपर्नेछ।<br>***सन्दर्भ सामग्रीः** राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले तयार गरेको ब्याक्टेरियोलोजीको कार्यविधि |
| **अभिलेखीकरण/ प्रतिवेदन** | तालिमको स्वीकृत टिप्पणी, सहभागीताको विवरण,तालिमप्रदायक एवं तालिमको विधि समेतको विस्तृत अभिलेख राख्नुपर्नेछ भने कार्यक्रम सम्पन्न भए पश्चात् सो को प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

| ८. क्रियाकलाप(कोड)/खर्च शीर्षकः प्रयोगशाला गुणस्तर अभिवृद्धि तालिम (२.६.४.५३)/ २२५१२ | |
|---|---|
| **परिचय** | प्रयोगशाला सेवाको गुणस्तर, विश्वसनीयता तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप परीक्षण सेवा सुनिश्चित गर्न प्रयोगशालामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि अपरिहार्य हुन्छ। प्रदेश जनस्वास्थ्य प्रयोगशालाले प्रदेश तथा स्थानीय तहका सरकारी स्वास्थ्य संस्थामा कार्यरत प्रयोगशालाकर्मीहरूको प्राविधिक दक्षता, गुणस्तर व्यवस्थापन प्रणाली (Quality Management System — QMS), जैविक सुरक्षा (Biosafety), नमूना व्यवस्थापन, आन्तरिक तथा बाह्य गुणस्तर नियन्त्रण (IQC/EQA), उपकरण व्यवस्थापन तथा प्रयोगशाला अभिलेखीकरण सम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले प्रयोगशाला गुणस्तर अभिवृद्धि तालिम सञ्चालन गर्नेछ। |
| **उद्देश्य** | १. प्रयोगशालामा गुणस्तर व्यवस्थापन प्रणाली (QMS), जैविक सुरक्षा, संक्रमण रोकथाम तथा प्रयोगशाला जोखिम व्यवस्थापन सम्बन्धी ज्ञान तथा व्यवहारिक सीप अभिवृद्धि गर्नु।<br>२. आन्तरिक गुणस्तर नियन्त्रण (IQC) तथा बाह्य गुणस्तर मूल्याङ्कन (EQA/PT) प्रणालीको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउनु।<br>३. राष्ट्रिय प्रयोगशाला मापदण्ड तथा सम्बन्धित निर्देशिकाको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्नु। |
| **अपेक्षित प्रतिफल** | प्रयोगशालाकर्मीहरुले गुणस्तरिय प्रयोगशाला सेवा सञ्चालन गर्न आवश्यक ज्ञान र सीप प्राप्त गर्नेछन्। |
| **सञ्चालन प्रक्रिया** | १. प्रदेश जनस्वास्थ्य प्रयोगशालाले वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट अनुसार तालिम योजना तयार गर्ने जसका लागि तालिमको विषयवस्तु, अवधि, सहभागी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>२. स्वास्थ्य निर्देशनालय तथा सम्बन्धित स्वास्थ्य कार्यालयको समन्वयमा सरकारी स्वास्थ्य संस्थामा कार्यरत प्रयोगशालाकर्मीहरूलाई सहभागीका रूपमा छनौट गर्नुपर्नेछ।<br>३. तालिममा प्रयोगशाला गुणस्तर व्यवस्थापन प्रणाली (QMS) , ISO 15189 का आधारभूत अवधारणा , Internal Quality Control (IQC) , External Quality Assessment (EQA/PT), नमूना संकलन, ढुवानी तथा संरक्षण , Standard Operating Procedures (SOP), उपकरण सञ्चालन, मर्मत तथा क्यालिब्रेसन , जैविक सुरक्षा तथा जैविक फोहोर व्यवस्थापन , अभिलेख तथा प्रतिवेदन व्यवस्थापन , प्रयोगशालामा निरन्तर गुणस्तर सुधार (Continuous Quality Improvement) जस्ता विषयवस्तु समेटी सैद्धान्तिक र व्यवहारिक ज्ञान प्रदान गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ४. प्रदेश जनस्वास्थ्य प्रयोगशालाका विशेषज्ञ, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, सम्बन्धित विशेषज्ञ संस्था तथा आवश्यकता अनुसार विषय विशेषज्ञलाई स्रोत व्यक्तिका रूपमा परिचालन गर्न सकिनेछ।<br>५. तालिम पूर्व (Pre-test) तथा तालिम पश्चात् (Post-test) मूल्याङ्कन गरि सफल सहभागीलाई मात्र प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ।<br>६. तालिम सञ्चालन गर्दा प्रचलित ऐन, नियमावली, आर्थिक कार्यविधि एवं सार्वजनिक खर्च मितव्ययिता सम्बन्धी मापदण्ड, तथा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय/कोशी प्रदेश सरकारबाट जारी प्रचलित आर्थिक तथा कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका बमोजिम खर्च व्यवस्थापन गर्नुपर्नेछ।<br>७. तालिममा सहभागीको विवरण अनिवार्य कार्यालयको बेबसाइटमा अपलोड गर्नुपर्नेछ। |
| **अभिलेखीकरण/ प्रतिवेदन** | तालिमको स्वीकृत टिप्पणी, सहभागीताको विवरण, तालिमप्रदायक एवं तालिमको विधि समेतको विस्तृत अभिलेख राख्नुपर्नेछ भने कार्यक्रम सम्पन्न भए पश्चात् सो को प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

| ९. क्रियाकलाप(कोड)/खर्च शीर्षकः प्रयोगशाला **नमूना** ढुवानी व्यवस्थापन (२.७.२२.१५३९)/२२५२२ | |
|---|---|
| **परिचय** | रोगको सही निदान, निगरानी तथा उपचार व्यवस्थापनका लागि प्रयोगशाला परीक्षण अपरिहार्य हुन्छ। भौगोलिक विकटता, जनशक्तिको अभाव र पूर्वाधार एवं बजेट सीमितताका कारण सबै स्थानमा सबै परीक्षण सञ्चालन गर्न कठिनाइ हुन्छ। जनताको संविधान प्रदत्त स्वास्थ्यको हकको सुनिश्चित गर्दै स्थानीय स्तरमा र जिल्ला अस्पतालहरुमा उपलब्ध नभएका प्रयोगशाला परीक्षण सेवाहरु नमूनाको सुरक्षित, समयमै र गुणस्तरीय ढुवानीमार्फत स्थानीयस्तरमै उपलब्ध गराउन यस कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | प्रयोगशाला नमूनालाई मापदण्डअनुसार सुरक्षित, गुणस्तरीय र समयमै सम्बन्धित प्रयोगशालासम्म ढुवानी गर्ने व्यवस्था सुनिश्चित गर्नु। |
| **अपेक्षित उपलब्धि** | प्रयोगशाला नमूनाको गुणस्तर कायम रही विश्वसनीय परीक्षण नतिजा प्राप्त हुने तथा रोग निदान र सार्वजनिक स्वास्थ्य निर्णयमा सुधार हुने। |
| **सञ्चालन प्रक्रिया** | १. आपूर्तिकर्ता (कुरियर सेवा) सँग सम्झौता गरी सो कार्यको सुनिश्चता गर्नुपर्ने तथा सेवा वापतको शुल्क उपलब्ध गराउनु पर्नेछ।<br>२. प्रदेश माताहत तथा स्थानीय तहहरुमा सञ्चालित स्वास्थ्य संस्थाहरुले नमूना सङ्कलन र परीक्षणको लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालामा प्रेषण गर्न चाहेमा सो को ढुवानी कार्यमा खर्च गर्न सकिनेछ।<br>३. नमूना सङ्कलन पश्चात् ढुवानी कार्य गर्दा सबै जिल्ला सम्म शाखा भएका र कम लागत तथा छोटो समयमा ढुवानी गर्न सक्ने संस्थासँग मात्र सम्झौता गर्न सकिनेछ।<br>४. नमूना सङ्कलन र व्यवस्थापन कार्यलाइ छिटो, छरितो, प्रभावकारी र विश्वासनीय बनाउनको निमित्त आवश्यक व्यवस्थापकीय कार्यमा खर्च गर्न सकिनेछ।<br>५. नेपाल सरकार र स्थानीय तहबाट प्रेषण हुने तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्रेषण गरिने सामग्रीहरुको ढुवानी कार्यमा खर्च गर्न सकिनेछ। |
| **अभिलेखीकरण/ प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात् सो को प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

**१०.क्रियाकलाप(कोड)/खर्च शीर्षकः प्रयोगशाला ISO प्रमाणीकरण व्यवस्थापन (२.७.२२.१५७४)/22५२२**

| | |
|---|---|
| **परिचय** | प्रयोगशालाबाट प्रदान गरिने परीक्षण सेवाको गुणस्तर, विश्वसनीयता तथा अन्तर्राष्ट्रिय मान्यता सुनिश्चित गर्न ISO १५१८९ लगायत सम्बन्धित ISO मापदण्डअनुसार गुणस्तर व्यवस्थापन प्रणाली (Quality Management System) स्थापना, कार्यान्वयन तथा प्रमाणीकरण प्रक्रियालाई सुदृढ गर्न यो कार्यक्रमले निरन्तरता पाएको हो। |
| **उद्देश्य** | प्रयोगशालालाई ISO मापदण्डअनुसार सञ्चालन गरी गुणस्तरीय तथा विश्वसनीय प्रयोगशाला सेवा सुनिश्चित गर्नु। |
| **अपेक्षित प्रतिफल** | प्रयोगशालामा ISO मापदण्ड अनुरूप गुणस्तर व्यवस्थापन प्रणाली कार्यान्वयन भई ISO प्रमाणीकरण प्राप्त गर्ने आधार तयार हुने वा प्रमाणीकरण हासिल हुने। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. Gap Analysis गरी ISO 15189 प्रमाणीकरणका लागि आवश्यक ISO Consultancy सेवा व्यवस्थापनको कार्ययोजना तयार गर्नुपर्नेछ।<br>२. प्रयोगशाला कर्मचारीहरुका लागि ISO Awareness Training र Internal Auditor तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्नुपर्नेछ।<br>३. ISO 15189 बमोजिम Quality Management System(QMS) कार्यान्वयन गर्दै Quality Manual,SOPs,Forms,Records तथा अन्य आवश्यक दस्तावेज तयारी, कार्यान्वयन र अद्यावधिक गर्नुपर्नेछ।<br>४. प्रयोगशाला उपकरणहरुको Calibration, Validation/Verification, Preventive Maintainance तथा आवश्यक पूर्वाधार सुधार गर्नुपर्नेछ।<br>५. External Quality Assurance Scheme (EQAS)/Proficiency Testing(PT) मा सहभागिता जनाई नतिजाको विश्लेषण तथा आवश्यक सुधारात्मक कार्य (CAPA) कार्यान्वयन गर्नुपर्नेछ।<br>६. Internal Audit,Management Review Meeting(MRM) सन्चालन गरी pre-assessment, Final Asessment तथा NEQAS/NEQAA वा सम्बन्धित प्रमाणीकरण निकायमा दर्ता र प्रमाणीकरण प्रक्रिया सम्पन्न गर्नुपर्नेछ।<br>७. ISO प्रमाणीकरणका लागि आवश्यक सामग्री तथा सेवा खरिद,मूल्याङ्कनकर्ताको भ्रमण व्यवुथापन, प्रमाणीकरण शुल्क भुक्तानी तथा प्रमाणीकरण पश्चात् प्राप्त सुझावअनुसार निरन्तर सुधार (Continual improvement) सम्बन्धी कार्यहरु सम्पन्न गर्नुपर्नेछ।<br>८. पूर्व मूल्याङ्कन र अन्तिम परीक्षणको लागि मूल्याङ्कनकर्ताको दै.भ्र.भ. र अन्य आवश्यक जनशक्ति व्यवस्थापनमा खर्च गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ९. प्रयोगशाला प्रमाणीकरणको क्रममा आवश्यक पर्ने र अपुग देखिएका सामग्री खरिद गरी व्यवस्थापन गर्न सकिनेछ। |
| **अभिलेखीकरण /प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात् सो को प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ। |



स्वीकृत मितिः २०८३।०४।२५

| ११. क्रियाकलाप(कोड)/खर्च शीर्षकः NPHL **नमूना** प्रेषण शुल्क (२.७.२२.१५७३), २२५२२ | |
|---|---|
| **उद्देश्य** | प्रदेश जनस्वास्थ्य प्रयोगशालामा सङ्कलन भएका र परीक्षण गर्न सम्भव नभएका मानव जैविक नमूनाहरु काठमाडौंस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा प्रेषण गरी परीक्षण गराई रिपोर्ट उपलब्ध गराउन नमूना ढुवानी गर्ने। |
| **अपेक्षित उपलब्धी** | प्रदेशमा उपलब्ध नभएका ल्यावका परीक्षण सेवाहरु समेत प्रदेशका जनताले प्राप्त गर्नेछन्। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. प्रदेश जनस्वास्थ्य प्रयोगशालामा परीक्षण नहुने नमूनाहरु रा.जन.स्वा.प्र.(NPHL) काठमाण्डौमा प्रेषण गर्नुपर्नेछ।<br>२. रा.जन.स्वा.प्र.(NPHL) काठमाण्डौले तोकेको परीक्षण शुल्कको भुक्तानी गर्न सकिनेछ।<br>३. प्रेषण गरिएका परीक्षणका नमूनाहरुको राजश्व शुल्क सम्बन्धित सेवाग्राहीबाट प्रदेश जनस्वास्थ्य प्रयोगशालाको राजश्व खातामा दाखिला गर्नुपर्नेछ।<br>४. मानव जैविक नमूना ढुवानी कार्य गर्न "प्रयोगशाला नमूना ढुवानी व्यवस्थापन" शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्न सकिनेछ। |
| **अभिलेखीकरण/प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात् सो को प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

| १२. क्रियाकलाप(कोड)/खर्च शीर्षकः External Quality Assurance Program (२.७.२२.१७७७)/२२५२२ | |
|---|---|
| **परिचय** | प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्रदान गरिने परीक्षण सेवाको गुणस्तर सुनिश्चित गर्न तथा राष्ट्रिय मापदण्डअनुसार परीक्षणको शुद्धता,विश्वसनियता र एकरुपता कायम गर्न बाह्य गुणस्तर सुनिश्चितता(External Quality Assurance Program)अपरिहार्य कार्यक्रम हो। |
| **उद्देश्य** | परीक्षणमा भएका त्रुटि पहिचान गरी सुधारात्मक तथा रोकथामात्मक कार्यान्वयन गरी प्रयोगशाला परीक्षणको गुणस्तर र विश्वसनियता सुनिश्चित गर्ने। |
| **अपेक्षित प्रतिफल** | प्रयोगशालाको परीक्षण नतिजाको शुद्धता तथा विश्वसनियतामा सुधार हुनेछ भने सेवाग्राहीले गुणस्तरिय प्रयोगशाला सेवा प्राप्त गर्नेछन्। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आवश्यक EQA सेवा प्रदायक संस्था वा EQA Panel खरिद/सदस्यता व्यवस्थापन गर्नुपर्नेछ।<br>२. प्रयोगशालामा सञ्चालन भइरहेका परीक्षणहरूका लागि उपयुक्त EQA Program मा सहभागिता सुनिश्चित गर्नुपर्नेछ।<br>३. प्राप्त EQA नमूनाहरू सम्बन्धित SOP अनुसार परीक्षण गरी निर्धारित समयभित्र नतिजा EQA प्रदायक संस्थामा पठाउनुपर्नेछ।<br>४. प्राप्त मूल्याङ्कन प्रतिवेदन (Performance Report) को समीक्षा गरी असन्तोषजनक नतिजा भएका परीक्षणमा मूल कारण विश्लेषण (Root Cause Analysis) तथा सुधारात्मक कार्य (Corrective Action) कार्यान्वयन गर्नुपर्नेछ।<br>५. आवश्यक परे पुनः परीक्षण, कर्मचारी पुनर्तालिम, उपकरण क्यालिब्रेसन तथा SOP अद्यावधिक गर्नुपर्नेछ।<br>६. EQA नतिजालाई प्रयोगशालाको गुणस्तर सुधार तथा व्यवस्थापन समीक्षा (Management Review) मा समावेश गर्नुपर्नेछ। |
| **अभिलेखीकरण/ प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात् सो को प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

**१३. क्रियाकलाप(कोड)/खर्च शीर्षक: सर्भाइकल क्यान्सर स्क्रिनिङ्ग (LBC Method) कार्यक्रम व्यबस्थापन (२.७.२२.१३०८)/२२५२२**

| | |
|---|---|
| **परिचय** | सर्भाइकल क्यान्सर महिलामा हुने प्रमुख क्यान्सरमध्ये एक भए पनि समयमै स्क्रिनिङ्ग र उपचारबाट रोकथाम गर्न सकिने रोग हो। Liquid Based Cytology (LBC) विधि परम्परागत Pap Smear भन्दा बढी गुणस्तरीय र विश्वसनीय स्क्रिनिङ्ग विधि मानिन्छ। यस कार्यक्रममार्फत LBC विधिबाट सर्भाइकल क्यान्सरको प्रारम्भिक अवस्था तथा पूर्व-क्यान्सर (Precancerous lesions) को समयमै पहिचान गरी आवश्यक उपचार तथा प्रेषण सेवामा सहयोग पुऱ्याइनेछ। |
| **उद्देश्य** | LBC विधिमार्फत गुणस्तरीय सर्भाइकल क्यान्सर स्क्रिनिङ्ग सेवा सञ्चालन गरी सर्भाइकल क्यान्सरको प्रारम्भिक पहिचान र समयमै उपचार सुनिश्चित गर्नु। |
| **अपेक्षित प्रतिफल** | लक्षित महिलाहरूमा LBC मा आधारित सर्भाइकल क्यान्सर स्क्रिनिङ्गको पहुँच विस्तार भई पूर्व-क्यान्सर तथा क्यान्सरका प्रारम्भिक अवस्थाहरूको समयमै पहिचान र व्यवस्थापन हुने। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. प्रदेश मातहतका अस्पतालहरु एवं प्रदेश सरकारले आयोजना गरेका शिविरबाट आएका महिलाहरुको पाठेघरको मुखको क्यान्सर रोगको स्क्रिनिङ्ग कार्यमा नमूना सङ्कलन गरी प्रदेश जनस्वास्थ्य प्रयोगशालामा प्रेषण भई आएमा नि:शुल्क परीक्षण गर्नुपर्नेछ।<br>२. अस्पतालहरु/शिविरहरुमा संकलन भएका नमूनाहरु प्रदेश जनस्वास्थ्य प्रयोगशालामा भएको नमूना ढुवानी कार्यक्रममार्फत नि:शुल्क ढुवानी गर्न सकिनेछ।<br>३. यस कार्यक्रमका लागि नमूना पठाउँदा अस्पतालहरुले CCSP निर्देशिका बमोजिम नै गर्नुपर्नेछ।<br>४. नि:शुल्क परीक्षण सम्बन्धि जानकारीका लागि वेबसाइट तथा उपयुक्त सञ्चार प्रविधिको प्रयोग गर्न सकिनेछ।<br>५. परीक्षण पश्चात् समयमा नै रिपोर्ट तयार गरी सम्बन्धित अस्पताललाइ उपलब्ध गराउनुपर्नेछ।<br>६. उक्त परीक्षणको लागि रिएजेन्ट, केमिकल र जनशक्तिको व्यवस्थापन यसै बजेटबाट गर्न सकिन्छ।<br>७. यस कार्यक्रममा विनियोजित बजेटबाट प्रयोगशालाका प्रेषण भई आएका नमूना जाँच गर्ने प्याथोलोजिस्टलाई प्रति स्मियर जाँच गरेबापत तिस रुपैयाँ र प्रति बायोप्सी जाँच गरेबापत ६० रुपैयाँ भुक्तानी गर्न सकिनेछ। |
| **अभिलेखीकरण/ प्रतिवेदन** | यस कार्यक्रमबाट नि:शुल्क परीक्षण भएका नमूनाका संख्याहरु जिल्लागत रुपमा कार्यक्रम सम्पन्न भए पश्चात् सो को प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ। |



स्वीकृत मितिः २०८३।०४।२५

**१४.क्रियाकलाप(कोड)/खर्च शीर्षकः AMR surveillance सुदृढीकरण तथा व्यवस्थापन कार्यक्रम (२.७.२२.१५३३)/२२५२२**

| | |
|---|---|
| **परिचय** | प्रतिजैविक प्रतिरोध (Antimicrobial Resistance—AMR) विश्वव्यापी जनस्वास्थ्य चुनौतीका रूपमा विकसित भइरहेको छ। AMR को नियमित निगरानी, गुणस्तरीय प्रयोगशाला परीक्षण, तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रतिवेदन प्रणाली सुदृढ गरी प्रतिरोधी जीवाणुको अवस्था पहिचान गर्न, उपचार व्यवस्थापनलाई प्रभावकारी बनाउन तथा राष्ट्रिय AMR Surveillance Network लाई सहयोग पुऱ्याउन यो कार्यक्रम योजना गरिएको हो। |
| **उद्देश्य** | AMR Surveillance प्रणालीलाई सुदृढ गरी प्रतिजैविक प्रतिरोधसम्बन्धी गुणस्तरीय प्रयोगशाला परीक्षण, निगरानी तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउनु। |
| **अपेक्षित प्रतिफल** | AMR सम्बन्धी विश्वसनीय तथ्याङ्क उत्पादन भई प्रतिजैविक प्रतिरोधको नियमित निगरानी, समयमै प्रतिवेदन तथा प्रमाणमा आधारित उपचार एवं जनस्वास्थ्य नीति निर्माणमा सहयोग पुग्ने। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. कार्यक्रम सञ्चालन गर्दा प्रदेश जनस्वास्थ्य प्रयोगशालाका माइक्रोबाइलोजी डिपार्टमेन्टले यस कार्यक्रमको नेतृत्व लिनुपर्नेछ।<br>२. AMR सम्बन्धी कार्यको लागि प्रदेश अन्तर्गतका अस्पतालका AMR साइटहरुको सुदृढीकरण गर्न ब्याक्टेरियोलोजी ल्याबमा गई skill Assessment एवं सामग्रीहरुको उपलब्धता estimate गर्नुपर्नेछ र पहिचान भएका gap हरु fulfill गर्नका लागि आवश्यक onsite coaching एवं सानातिना सामग्रीहरु उपलब्ध गराउन यस शीर्षकमा भएको बजेट खर्च गर्न सकिनेछ।<br>३. अस्पतालबाट आएका कल्चर सेन्सिटिभिटि जाँच भएका नतिजा विश्लेषण गरी Antimicrobial resistance trend पत्ता लगाउनुपर्नेछ।<br>४. Resistance को कारण पत्ता लगाउन आवश्यक अध्ययन गरी सोको न्यूनीकरणका लागि कार्यान्वयन गर्नुपर्नेछ।<br>४.AMR कार्यक्रमसंग सम्बन्धित सरोकारवालाहरुसंग आवश्यक छलफल/अन्तरक्रिया गर्न सकिनेछ।<br>५.उक्त कार्यमा खटिने कर्मचारीहरुको दै.भ्र.भ र अन्य व्यवस्थापकीय कार्यको लागि खर्च गर्न सकिनेछ। |

| | |
|---|---|
| **अभिलेखीकरण/ प्रतिवेदन** | PAMS मा अभिलेखीकरण गर्ने र कार्यक्रम सम्पन्न भए पश्चात् सो को प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

| **१५. क्रियाकलाप(कोड)/खर्च शीर्षकः खानेपानी गुणस्तर निगरानी (२.७.२२.२३२)/२२५२२** | |
|---|---|
| **परिचय** | स्वच्छ तथा सुरक्षित खानेपानी नागरिकको आधारभूत अधिकार र जनस्वास्थ्यको महत्वपूर्ण आधार हो। दूषित खानेपानीका कारण झाडापखाला, हैजा, टाइफाइड, हेपाटाइटिस तथा अन्य जलजन्य रोगहरूको जोखिम बढ्ने भएकाले नियमित रूपमा खानेपानीको गुणस्तर निगरानी आवश्यक हुन्छ। यस कार्यक्रममार्फत स्वास्थ्यमा आधारित राष्ट्रिय मापदण्ड (Health-Based Guideline Values-HBGV) अनुसार खानेपानीका भौतिक, रासायनिक तथा सूक्ष्मजीवविज्ञानसम्बन्धी मापदण्डहरूको परीक्षण, निगरानी, प्रतिवेदन तथा आवश्यक सुधारका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ। |
| **उद्देश्य** | खानेपानीको गुणस्तरको नियमित निगरानी गरी सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्न तथा पानीजन्य रोगहरूको रोकथाममा सहयोग पुऱ्याउनु। |
| **अपेक्षित प्रतिफल** | खानेपानीको गुणस्तर सम्बन्धी विश्वसनीय तथ्याङ्क उपलब्ध भई जोखिमयुक्त पानीका स्रोतको समयमै पहिचान, सुधारात्मक कार्य तथा जलजन्य रोग नियन्त्रणमा प्रभावकारी सहयोग पुग्ने। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड तथा स्वास्थ्यमा आधारित निर्देशिकाअनुसार वार्षिक नमूना सङ्कलन योजना तयार गर्नुपर्नेछ।<br>२. सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आवश्यक रिएजेन्ट, केमिकल, उपभोग्य सामग्री तथा उपकरण खरिद गर्नुपर्नेछ।<br>३. खानेपानीका स्रोत, वितरण प्रणाली तथा उपभोक्ता बिन्दुबाट निर्धारित विधिअनुसार नमूना सङ्कलन, लेबलिङ, सुरक्षित ढुवानी तथा अभिलेखीकरण गर्नुपर्नेछ।<br>४. प्रयोगशालामा भौतिक, रासायनिक तथा सूक्ष्मजीवविज्ञानसम्बन्धी परीक्षण (HBGV अनुसार) सञ्चालन गरी गुणस्तर सुनिश्चितता (IQC/EQA) कायम गर्नुपर्नेछ।<br>५. परीक्षण नतिजाको विश्लेषण गरी सम्बन्धित स्थानीय तह, खानेपानी सेवा प्रदायक तथा सरोकारवाला निकायलाई प्रतिवेदन उपलब्ध गराउनुपर्नेछ।<br>६. मापदण्डभन्दा बाहिर रहेका नमूनाको पुनः परीक्षण, जोखिम मूल्याङ्कन तथा सुधारात्मक कार्यका लागि सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ७. कार्यक्रम सञ्चालनका क्रममा जैविक सुरक्षा, प्रयोगशाला सुरक्षा, आर्थिक ऐन, सार्वजनिक खरिद ऐन तथा प्रचलित सरकारी मापदण्डको पूर्ण पालना गर्नुपर्नेछ।<br>८. खानेपानी परीक्षण गर्न जाँदाको नियमानुसारको दैनिक भ्रमण खर्च एवं यातायात खर्च समेत यसै बजेटबाट उपलब्ध गराउन सकिनेछ।<br>९. खानेपानी परीक्षणको नतिजा सम्बन्धित निकायलाइ उपलब्ध गराउनुका साथै खानेपानी प्रयोगयोग्य रहे/नरहेको जानकारी दिनुपर्नेछ र पानी शुद्धिकरणका उपायहरुको विस्तृत जानकारी समेत प्रदान गर्नुपर्नेछ। |
| **अभिलेखीकरण/ प्रतिवेदन** | पानीको परीक्षणको अभिलेख तथा प्रतिवेदन अनुसुची १ मा दिइएको फर्मेटमा राख्नुपर्नेछ भने परीक्षण र नतिजा विवरण वेबसाइटमा अद्यावधिक समेत गर्नुपर्नेछ। कार्यक्रमको विस्तृत प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

## अनुसुची १

कोशी प्रदेश सरकार

स्वास्थ्य विषय हेर्ने मन्त्रालय

प्रदेश जनस्वास्थ्य प्रयोगशाला

खानेपानी निगरानी कार्यक्रम

खानेपानी गुणस्तर परीक्षण अभिलेख फारम

| **क्र.सं** | **स्थानीय तह** | **वार्ड नं.** | **खानेपानी स्रोत/आयोजना** | **स्रोतको प्रकार(धारा/कुवा आदि)** | **नमूना संकलन विधि** | **परीक्षण विधि** | **नमूना कोड** | **pH** | **Turbidity** | **Residual Chlorine** | **E. coli** | **निष्कर्ष** | **सुझाव /प्रतिकार्य** | **संकलन गर्ने** | **परीक्षण गर्ने** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

कोशी प्रदेश सरकार

स्वास्थ्य विषय हेर्ने मन्त्रालय

खानेपानी गुणस्तर परीक्षण त्रैमासिक प्रतिवेदन फारम

प्रदेश जनस्वास्थ्य प्रयोगशाला

**प्रतिवेदन अवधिः** मिति—— .देखि————..सम्म **प्रतिवेदन मितिः**

| **विवरण** | **संख्या** | |
|---|---|---|
| नमूना परीक्षण गरिएका स्थानीय तहको संख्या | | |
| परीक्षण गरिएका वार्डहरुको संख्या | | |
| परीक्षण गरिएका खानेपानिका स्रोतहरुको संख्या | | |
| परीक्षण गरिएका जम्मा नमूना संख्या | | |
| **सुचक** | **मापदण्डभित्र रहेको नमूना संख्या** | **मापदण्ड बाहिर रहेको नमूना संख्या** |
| PH | | |
| Turbidity | | |
| Residual Chlorine | | |
| E coli | | |

**परीक्षण नतिजाको सारांश**

______________________

**मुख्य निश्कर्ष तथा सिफारिसहरु**

१————————————————

२————————————————

३————————————————

| | |
|---|---|
| तयार गर्ने | प्रमाणित गर्ने |
| नामः | कार्यालय प्रमुख |
| पदः | स्वास्थ्य कार्यालय |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | छापः |

स्वीकृत मितिः २०८३।०४।२५